# विराटनगर महानगरपालिका

बैठक संख्याः ५९ | बैठक प्रारम्भः विहान ८:०० बजे
मितिः २०७६/११/ २८ | बैठक स्थगनः १०:०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उप प्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देवेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | झरीलाल महतो | |
| १६ | का.वा. सदस्य | श्री महिचन्द्र यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा. सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | सदस्य सचिव | श्री एकदेव अधिकारी | |
| ३० | आ.सहयोगी | अर्जुन थपलिया | |
| ३१ | आ.सहयोगी | केवल पोखरेल | |

निर्णय नं. १

पाँचौ नगरसभाको लागि प्रस्तावित तपसिल बमोजिमका नीति, बजेट तथा कार्यक्रम संसोधनसँग सम्बन्धित निर्णयहरू आवश्यक छलफलका लागि पेश गर्ने निर्णय गरियो।

**पाँचौ नगर सभा समक्षा नगर प्रमुखज्यूबाट प्रस्तुत प्रस्तावहरुः**

१. नगर प्रमुखज्यूबाट आ.व.२०७६/७७ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको हालसम्मको प्रगति समीक्षा सुझाव सहित स्वीकृत गर्ने प्रस्ताव गरियो।

२. विधायन समितिबाट कार्यपालिकामा शिफारिस साथ निर्णयार्थ मिति २०७६/११/२९ मा प्रस्तुत ऐन नियम कार्यविधि मापदण्ड र निर्देशिकाका मस्यौदा विधेयकहरु उक्त मितिको कार्यपालिका बैठकबाट सर्वसम्मत निर्णय गरी नगर सभामा निणयार्थ पेश भएकोमा स्वीकृत गर्ने प्रस्ताव गरियो।

१) नगर शिक्षा ऐन २०७६ को प्रथम संसोधन सम्बन्धि विधेयक २०७६ (अनुसूची-१ बमोजिम)

२) विराटनगर महानगरपालिकाको आर्थिक ऐन २०७६ संसोधन प्रस्ताव तथा राजस्व सम्बन्धी प्रस्तावित आवश्यक निर्णय (अनुसूचि-२ बमोजिम)

३) राजस्व संकलन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७६

३. यस आ.व.मा विभिन्न योजना कार्यान्वयन गर्ने सम्वन्धमा कार्यपालिका वैठकबाट शिर्षक शंशोधन, रकम थपघट तथा परिवर्तन गर्ने गरी भएका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव गरियो।

४. वडा समितिबाट शिफारिश भई आएका यसै साथ संलग्न प्रमुखज्यूबाट प्रमाणित शंशोधित तथा अन्य योजनाहरु चौथो नगर सभाको बजेट परिधि भित्र रही सन्चालन गर्न स्वीकृति दिने प्रस्ताव गरियो।

५. चालू आ.व.को नीति तथा कार्यक्रम र बजेटमा महानगरका वडा कार्यालय भवनहरु र महानगर भवन निर्माणकोलागि विनियोजन भएको रकममा रु. ३ करोड हुनु पर्नेमा छपाईमा अन्यथा पर्न गएकोले भुल सुधार गर्ने प्रस्ताव गरियो।

६. चालू आ.व.को नीति तथा कार्यक्रम र बजेट पुस्तिकामा उपभोक्ताहरुबाट लागत साझेदारी व्यहोर्ने विषय उल्लेख हुँदा देहाय अनुसार हुनु पर्नेमा अन्यथा पर्न गएकोले सच्याउने प्रस्ताव गरियो। संशोधित लागत

साझेदारी पाँचौ नगर सभाबाट स्वीकृत भएपछि लागू गर्ने प्रस्ताव गरियो। तर महानगरको आफ्नै वा अन्तरगत वडा कार्यालय भवन, स्मशान घाट व्यवस्थापनको निर्माण गर्दा श्रम सहभागिता स्वीकार गर्ने र शून्य लागत साझेदारीमा गर्न सकिने व्यवस्था गर्ने प्रस्ताव गरियो।

देहायः (क) माटो पूर्ने कार्य ३० प्रतिशत (ख) ग्राभेल गर्ने, ईटा जडान, RCC र कालो पत्रे गर्ने कार्य १५ प्रतिशत (ग) मिश्रीत कार्यको हकमा कार्य प्रकृति र सो को अनुपातमा (घ) ५० लाख भन्दा माथिका योजना उपभोक्ता समितिबाट गराउदा लागत सहभागिता प्रकरण क बाहेक अन्यमा न्यूनतम १० प्रतिशत कायम गर्ने ।

७. आ.व. २०७५/७६ मा वडा नं ५ को जनता आवास योजना अन्तर्गत उपभोक्ता समितिबाट कार्य गर्दा संम्झौता रकम अनुसार उपभोक्ताबाट लागत सहभागिता रकम जम्मा गरिएकोमा उक्त कार्य वर्षातको कारण सम्झौता अनुसार समयमा सम्पन्न हुन नसकेको हुदाँ कार्य सम्पन्न र भुक्तानी भएको रकमको तोकिएको प्रतिशत मात्र लागत सहभागिता रकम कायम गरी बाँकी रकम उपभोक्ता समितिको थप कार्यमा मिलान गर्ने ।

८. विराटनगर महानगरपालिकाको चौथो नगर सभादेखि नगर कार्यपालिको तथा कार्यालयबाट भएका निर्णयहरु अनुमोदन गर्ने प्रस्ताव गरियो।

९. चालू आ.व.का लागि महानगरका बार्षिक योजनाहरुको शिर्षक परिवर्तन, रकम र बजेट थपघट गर्ने, रकमान्तर र शंशोधन गर्ने अधिकार प्रमुखलाई प्रत्यायोजन गर्ने चौथो नगर सभाको निर्णयलाई निरन्तरता दिने प्रस्ताव गरियो ।

१०. खुद्रा किराना पसल वा मझौला र ठूला व्यवसाय दर्ता, नवीकरण वा सो सँग सम्वन्धित शिफारिश लिदाँ एक फोहोर राख्ने भाँडो तथा विरुवा वा फूल सहितको दुई वटा गमला अनिवार्य राख्नु पर्ने व्यवस्था मिति २०७७ बैशाख १ गते देखि प्रचार प्रसार गरी कार्यान्वयन गर्ने प्रस्ताव गरियो ।

११. शहरी सौन्दर्यता सुविधा र सरसफाईमा वारम्वार लापरवाही गर्ने, महानगरको निर्देशन पालना नगर्ने वा अटेर गर्ने र यस प्रकारको कामकारवाहीका सम्वन्धमा ३ पटक सम्म लिखित चेतावनी दिदा पनि सुधार नगर्ने घर, संस्था, कार्यालय, पसल वा व्यवसायलाई महानगरबाट प्राप्त सेवा सुविधा, शिफारिश, रोक्का गर्ने, व्यवसाय भए दर्ता निलम्वन र खारेज गर्ने र यस प्रकारको कारवाही प्रथम पटकका लागि ३ महिना, दोस्रो पटक ६ महिना र सो भन्दा वढी भए महानगरले निर्णय गरे बमोजिम वा खारेज गर्न सकिने प्रस्ताव गरियो ।

१२. फोहोरमैलाको उचीत व्यवस्थापन गरी स्वच्छ विराटनगर निर्माणको अभियान सफल बनाउन सवै नगरवासी घरधुरी, परिवार , कार्यालय, संघसंस्था, व्यवसाय वा कुनै पनि आर्थिक र सामाजिक कारोवार गर्नेले तोकिए बमोजिम वडा कार्यालयबाट अनिवार्य सफाई सदस्यता लिनु पर्ने व्यवस्था २०७७ बेशाख १ गतेबाट लागू गर्ने प्रस्ताव गरियो। यस सम्वन्धी कार्यविधि कार्यपालिकाबाट जारी गर्ने प्रस्ताव गरियो ।

१३. विराटनगर महानगरपालिका औद्योगिक व्यापारिक केन्द्र भएता पनि आवश्यक संरचना र सुविधा सहितको प्रदर्शनी स्थल नभएको कारण औद्योगिक, व्यापारिक मेला तथा उत्पादनहरुको प्रदर्शनी र प्रवर्धन गर्ने कार्य प्रभावकारी हुन नसकेकोले विराटनगर महानगरपालिका वडा नं ३ मा रहेको उद्योग संगठन मोरङलाई प्राप्त भएको जग्गामा आधुनिक र सुविधा सम्पन्न प्रदर्शनी स्थल निर्माणका लागि सन्चित कोषबाट रु. ५० लाख अनुदान उपलब्ध गराउने प्रस्ताव गरियो।

१४. मुख्य शहरी क्षेत्रमा सडक/ढल निर्माणको कार्य अन्तिम चरणमा रहेको र ठूला सवारी साधनहरु, कन्टेनर र ढुवानीका साधनहरु प्रवेश गराउदा सडक तथा ढल बिग्रने र ठूलो धनराशी सोको मर्मत सम्भारका लागि बर्षेनी खर्च गर्नु पर्ने भएकोले यस प्रकारका सवारीहरुको पार्किङ्ग, ठूला ४ पाङ्ग्रे भन्दा माथिका सवारी साधनहरु मर्मत सम्भार गर्ने व्यवसाय, कवाडी संकलन केन्द्र लगायत हार्डवेयर र निर्माण सामग्रीको कारोवार गर्ने व्यवसायलाई शहरको मुख्य भाग भन्दा बाहिर आवश्यक संरचना निर्माण गरी व्यवस्थापन गर्न ऐलानी पर्ती सार्वजनिक जग्गा उपलब्ध भएमा सो र सो नभए जग्गा खरिद गर्न आवश्यक बजेट र प्रकृया अगाडी बढाउन कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गरियो।

१५. चौथो नगर सभाले प्रधानमन्त्री पार्क निर्माण कार्य अगाडी बढाउन निर्णय गरे अनुसार महानगरपालिकाको वडा नं २ र वडा नं ७ को सीमानामा रहेको घोघा पैनी रहेको स्थानमा बहुवर्षीय ठेक्का प्रणाली अनुसार उक्त योजना सन्चालन गर्ने प्रस्ताव गरियो।

१६. बजरंगवली मन्दिर पूर्व वडा नं २ मा आरती सन्चालन गर्न निर्माण गरिने योजना, विराट राजा दरवार पुःननिर्माण कार्यहरु बहुवर्षिय गौरव योजनाको रुपमा क्रमागत बजेट व्यवस्था गरी सन्चालन गरिने।

१७. विरेन्द्र सभा गृह पुननिर्माण र सवलीकरणको लागि परामर्शदाताबाट प्राप्त विस्तृत परियोजना प्रस्ताव स्वीकृत गरी महानगर गौरव आयोजनाको रुपमा बहुवर्षीय ठेक्का प्रणाली अनुसार निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो।

१८. महानगरको स्वामित्वमा रहेका जमिन तथा अन्य सार्वजनिक ऐलानी पर्ती जग्गा कव्जा गरी बसेका बस्ती व्यवसाय वा संरचना हटाउन लाग्ने खर्च र तत्काल सो स्थानबाट अन्यत्र स्थानान्तरण गर्न सामान्य बन्दोवस्तीका लागि सम्वन्धित पक्षलाई अनुदान स्वरुप उपलब्ध गराउन पर्ने भए कार्यपालिकाबाट निर्णय गरी गर्न अधिकार प्रत्यायोजन गरियो।

१९. क्षेत्रीय शहरी विकास परियोजना (RUDP) अन्तरगत ढल प्रणाली जडान प्रति घर शुल्क तथा अन्य विवरण संलग्न (अनुसूची-३) बमोजिम स्वीकृत गर्ने प्रस्ताव गरियो।

२०. महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तरगत कार्यालय, क्षेत्रीय शहरी विकास परियोजनातर्फका अतिरिक्त समय कार्य गर्ने कर्मचारीहरुलाई उपलब्ध गराईएको तोकिए अनुसारको प्रोत्साहन भत्ता दिने निर्णय अनुमोदन गरी कार्य बोझका आधारमा आ.व. को असार मसान्त सम्म उक्त सुविधा उपलब्ध गराउने प्रस्ताव गरियो। साथै, आ.व. २०७६/०७७ का लागि चौथो नगरसभाबाट पारित विविध १३ नं. निर्णयमा अतिरिक्त भत्ता नतोकिएका कर्मचारीको हकमा अतिरिक्त समय सुविधा एक वर्षमा ३ (तीन) महिनाको तलब सुविभन्दा बढि हुनेछैन भनिएकोमा ६ (छ) महिनाको तलब सुविधाभन्दा बढि हुनेछैन भनी निर्णय हुन पेश गरियो।

२१. नेपाल र विदेशका उच्च दक्ष ख्यातिप्राप्त विश्विवद्यालय र अध्ययन केन्द्रहरुमा कार्यरत विज्ञ/प्राज्ञहरुको सहयोगमा महानगरको विद्यालय शिक्षालाई बढी बैज्ञानिक बनाई दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले अनुसन्धानमा आधारित पाठ्यक्रम विकास र अनुसन्धान केन्द्र स्थापनाका लागि आवश्यक बजेट विनियोजन गर्ने प्रस्ताव गरियो। यस सम्वन्धी कार्यविधि कार्यपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

२२. दायित्व सरी आउने योजनाहरुको निरन्तर अभिलेख राखी बजेट व्यवस्था गर्ने कार्य प्रशासनिक रुपमा झन्झटिलो भएको हुँदा एक आर्थिक वर्षका रु. १० लाख भन्दा साना योजनाहरुको रकम सोही आर्थिक

वर्षमा खर्च हुन नसकेमा दायित्व नसारी रकम फ्रिज हुने व्यवस्था मिलाइने प्रस्ताव गरियो। चालू आ.व.का लागि वडा र नगरस्तरिय योजनाहरुको सम्झौताका लागि अन्तिम मिति वैशाख मसान्तसम्म गते तोक्ने प्रस्ताव गरियो।

२३. पूर्वाधार प्रयोग र मर्मत सम्भार दस्तुर संकलनका लागि ठेक्का लगाईएको वडा नं १९ को कर चौकी मा ठेक्का लागेको मितिबाट पुस्पलाल चौक विराट चौक सडक स्तरोन्नतीको कार्य आरम्भ भएको भनी पूर्वाधार कार्यालय विराटनगरको शिफारिश सहित जितेन्द्र उराँवले निवेदन दिएकोमा २०७६/०५/०१ देखि सम्झौता भएकोमा उक्त  महानगरलाई बुझाउन कबूल रकमको तेस्रो किस्ता रकममा २५ प्रतिशतले हुन आउने रकम छुट दिने प्रस्ताव गरियो।

२४. महानगरको अग्रभागको भवन धैरै पुरानो र जीर्ण भएको र प्राविधिकको राय अनुसार मर्मत सम्भार गरी सन्चालनमा ल्याउन नसकिने भएकोले नियमानुसार भत्काई लिलाम बिक्री गर्ने प्रस्ताव गरियो।

२५. महानगरको प्रशासनिक भवन अर्पयाप्त भई कार्यसन्चालनमा कठिनाई भएकोले साविक नगर अतिथि गृह हाल परियोजना सन्चालन भएको भवन नियमानुसार हटाई लिलाम बिक्री गरी सो स्थानमा नयाँ भवन निर्माणको  प्रकृया आरम्भ गर्न कार्यपालिकालाई स्वीकृति दिने साथै सो कार्यकालागि यस आ.व. मा कार्य प्रारम्भ गर्न आवश्यक बजेट आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी व्यवस्था समेत गर्ने अधिकार कार्यपालिकालाई दिने प्रस्ताव गरियो।

२६. विराटनगर महानगरपालिका वडा न. ४ अन्तर्गत महानगरपालिकाको स्वामित्व तथा थानि टोल स्थित श्री राम जानकी मन्दिरको संरक्षणमा रहेको साविक कंचनवारी ४ हाल विराटनगर महानगरपालिका  वडा नं ४ को नं १९८ ज वि ०-५-१५ र कि न २०४ ज वि ०-४-१८ गरि जम्मा ०-१०-१३ मध्ये रामजानकी मन्दिरदेखि पूर्व र सामुदायिक भवनदेखि उत्तरतर्फबाट ०-३-०० जग्गा उपलब्ध गराउने प्रस्ताव गरियो।

२७. यस नगरसभाको  निर्णय पश्चात ऐलानी सार्वजनिक र पर्ती जग्गा संरक्षण सम्वन्धी कार्यविधि बनाई कार्यपालिकाबाट स्वीकृत गरी महानगर क्षेत्र भित्र रहेका जग्गाहरुको विकास तथा उपयोग गर्ने  प्रस्ताव गरियो। उक्त कार्यविधि तयार नभएसम्म भोगाधिकार वा संरक्षण गर्ने गरी जग्गा उपयोग गर्न दिईने अधिकार वा शिफरिश रोक्का राख्ने प्रस्ताव गरियो।

२८. वडा नं १९ को महानगर आवासको निर्माण कार्य  सम्पन्न गर्न उक्त आयोजनाको क्षेत्र भित्र थप १ कठ्ठा ८ धुर जग्गा आवश्यक भएकोले आयोजनाकालागि उक्त जग्गा प्राप्ति गर्न गरेको मिति २०७६/०८/१२ गते को कार्यपालिकाको निर्णय अनुमोदन गर्ने प्रस्ताव गरियो। साथै चौथो नगर सभामा महानगर आवास योजनाकालागि विनियोजित बजेटबाट  सम्वन्धित जग्गाधनीलाई नियमानुसारको मुआव्जा रकम भुक्तानी गर्ने प्रस्ताव गरियो।

२९. वडा नं १८ को  जनक आधारभूत विद्यालयको जग्गा विद्यालयका नाममा नामसारी  गरी दिएकोमा निज जग्गा धनीलाई न्यायिक समिति र कार्यपालिकाले अनुदान उपलब्ध गराउन गरेको निर्णय अनुमोदन गर्ने प्रस्ताव गरियो।

३०. विराटनगर वडा नं २ र ७ को सीमाना नगरपालिका भवन उत्तर पूर्व तर्फको सडकको नाम अग्रसेन मार्ग नामाकरण गर्ने प्रस्ताव गरियो।

३१. विराटनगर निवासी स्व. साहित्यकार बालकृष्ण पोखरेल प्रति सम्मान गर्दै ट्राफिक चौक देखि रोडशेष चौक सम्मको सडकको नाम **प्राध्यापक बालकृष्ण पोखरेल मार्ग** नामाकरण गर्ने प्रस्ताव गरियो ।

३२. वरगाछी पानीटंकी नाला मर्मतको लागि विनियोजन भएको रकम रु.४०,०००००।०० ( चालिस लाख) मात्र, मेयर पिच अन्तर्गत डिएसपि रोड उत्तर शंकरमार्ग पिचमा थप गर्ने निर्णय गरियो ।

३३. वडा नं. ८ मा एस सेभेन नाला पाना नं.१४४ सि.न. २९ वित्तिय समानिकरणमा विनियोजित वजेट अपुग भएको हुदां पेज नं. ९९ सि.न. २६३ वडा नं. ५ मा पार्क निर्माणका लागि जग्गा खरिद (आन्तरिक स्रोत) मा विनियोजित रकम रु. १ करोडवाट रु. ५० लाख वडा नं.८ छाया मार्ग, एस सेभेन (S-7) नाला निर्माणमा र वडा नं १२ स्थित बख्री वडा प्रहरी चौकी भवन निर्माण गर्दा व्यक्तिको जग्गा पर्न गएको ले रु. ८ लाख अनुदान दिन बाँकी रहेकोमा जग्गा धनीले महानगरका नाममा जग्गा नामसारी गरीदिए पछि नियमानुसार उक्त अनुदान उपलव्ध गराउन रकम विनियोजन गर्ने प्रस्ताव गरियो ।

३४. नगरको विभिन्न सडकमा नाला, सडक र अन्य मर्मत सुधार शिर्षकमा सि.न. ५४ पेज नं.६४ को आन्तरिक बजेट तर्फ विनियोजित रकम अपुग भएको हुदां विशेष क्षेत्र पूर्वाधार विकास कार्यक्रम शिर्षकवाट रु. ५ करोड र भवन निर्माण शिर्षकवाट ४ करोड गरी जम्मा रु. ९ करोड उक्त शिर्षकमा विनियोजन गरी खर्च गर्ने प्रस्ताव गरियो । साथै सो शिर्षकवाट कोशी अस्पतालका लागि जेनेटर खरिदका लागि रु. २५ लाख र परोपकार अभियान समुहको जेनेटर खरिदका लागि लागि रु.४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

३५. उत्तर दक्षिण प्रवेशद्धार निर्माण म्याचिङ फण्डका लागि सि.न. ६५ पेज नं.६५ मा वित्तीय समानिकरण अन्तर्गत विनियोजित वजेट रानी विराटनगर ईटहरी धरान रोडको विरानगर महानगरपालिका खण्डको महावीर चौक, वरगाछी चौक र कन्चनबारी चौकमा ओभरहेड ब्रिज निर्माण समेतका लागि खर्च गर्ने प्रस्ताव गरियो ।

३६. क्षेत्रिय शहरी विकास परियोजनाको आ.व. २०७६/०७७ को प्रस्तावित पुरक वजेट(जम्मा रकममा फरक नपर्ने गरि) संशोधन गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

३७. शिक्षा महाशाखा अन्तर्गत चौथो नगरसभावाट विनियोजित बजेट तथा कार्यक्रम अनुसूची-३ बमोजिम संशोधन गर्न प्रस्ताव गर्ने निर्णय गरियो ।

३८. अनुसूची-४ बमोजिम सहरी विकास तथा योजना महाशाखाबाट पेश भएका योजना सम्बन्धी शीर्षक तथा बजेट संसोधन, रकमान्तर लगायत अन्य संलग्न निर्णयहरु अनुमोदनका लागि नगरसभा समक्ष पेश गरिएको छ ।

३९. क्षेत्रिय शहरी विकास परियोजना अर्न्तगत निर्माण भएका ढल प्रणालिले कभरेज गरेको क्षेत्रमा मासिक सुल्क र ढल जडानको दररेटमा अनुसुची ५ बमोजिम संशोधन तथा थप गर्न नगरसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

४०. क्षेत्रिय शहरी विकास परियोजनाको आ.व. २०७६/२०७७ को प्रस्तावित पुरक वजेट(जम्मा रकममा फरक नपर्ने गरि ) अनुसुची ६ अनुसार संशोधन गर्न सिफारिश गर्ने निर्णय गरियो ।

४१. अन्य सामाजिक संघ/संस्था अनुदान शिर्षकवाट वडा नं.३ का परोपकार अभियान समुह जेष्ठ नागरिक तिर्थाटनका लागि रु. २ लाख विनियोजन गर्ने निर्णय गरियो । साथै अपाङ्गता भएका ब्यक्तिहरुका लागि सामाजिक क्षमता सीप विकास कार्यक्रम रु. ५ लाख मध्येवाट रु. १ लाख लाई बैठक तथा अपाङ्गता परिचय पत्र वितरण शिविर मा विनियोजन गर्ने निर्णय गरियो ।

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ १ नं. प्रदेश, नेपाल

## अनुसुची-१

विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ मा संसोधनका लागि तपसिल बमोजिमको प्रस्ताव पेश गर्ने निर्णय गरियो:

विराटनगर महानगरपालिका शिक्षा ऐन २०७६ को दफा १० मा नगर शिक्षा समितिको गठनको (ङ) मा

| हाल भएको व्यवस्था | संसोधन गर्नुपर्ने व्यवस्था |
|---|---|
| महानगर कार्यपालिकाका सदस्यहरु मध्येबाट महिलाको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको एक जना | महानगर कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा एक महिलाको प्रतिनिधित्व हुने गरी नगर प्रमुखले तोकेको ३ जना : सदस्य |
| दफा ११दफा च ( वडा शिक्षा समिति गठन ) वडा भित्रका सामुदायिक विद्यालयककककका शिक्षक्षक अभिभावक संघको अध्यक्ष मध्ये वडा शिक्षा समितिले मनोनित गरेको एक जना सदस्य | दफा ११दफा च ( वडा शिक्षा समिति गठन ) नगर शिक्षक महासंघको प्रतिनिधि १ जना सदस्य |
| ऐनको दफा १८ (१)को विद्यालयको विनियम अभिभावक सभा को सट्टा वि.व्य.स.र शि.अ.स.को संयुक्त बैठकबाट पारित गराई नगर शिक्षा प्रमुखबाट प्रमाणिकरण गराई लागु गर्नु पर्ने प्रावधान राख्नुपर्ने । | |
| दफा ३३ को उपदफा २ मा व्यवास्था गरिएको राहत र शिक्षण अनुदान शब्द झिक्ने<br>निम्न थप गर्ने :<br>२.क सामादायिक विद्यालयमा प्राविधिक शिक्षक ,प्रशिक्षक ,सप्रशिक्षक ,प्रशिक्षण सहायक ,राहत अनुदान ,शिक्षण अनुदान ,अनुदान का कर्मचारी र बालविकास सहयोगी कार्यकर्ता नियुक्तिका लागि देहाय बमोजिमको समिति रहनेछ :<br>अ.विद्यालय व्यवस्थापन समितिको अध्यक्ष : संयोजक<br>आ.सम्वन्धित क्षेत्र हेर्ने शैक्षिकप्रशासन महाशाखाको अधिकृत वा नगर शिक्षा अधिकारीले तोकेको अधिकृतस्तरको कर्मचारी : सदस्य<br>इ.माध्यमिक शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनोट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा स्नातक तह उत्तिर्ण गरेको व्यक्तिहरु मध्ये शैक्षिक प्रशासन महाशाखाले सूचिकृत रोस्टरहरुबाट तोकेको २ जना विज्ञ : सदस्य<br>ई. प्रद्यानाध्यापक - सदस्य सचिव | |

**७. शुल्क लिने व्यवस्था सम्बन्धमा :**

**विद्यालयका कक्षा ८ महानगरपालिका बोर्ड परीक्षामा सहभागी भएका विद्यार्थीहरुको** कक्षा ८ को प्रमाणपत्र प्रतिलिपी/नाम थर/जन्ममिति संसोधनका काम नियमित भइ रहने भएकाले यसका लगिा खर्च व्यवस्थापन गर्न प्रति कार्यको रु २५० (अक्षेरुपी दुई सय पचास) नगर शिक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गर्न आवश्यक ।

अनुसूची-२

# विराटनगर महानगरपालिकाको आर्थिक ऐन २०७६ संसोधन प्रस्ताव तथा राजस्व सम्बन्धी प्रस्तावित आवश्यक निर्णयः

१. विराटनगर महानगरपालिका नगर क्षेत्रभित्रका संचालित साना तथा मझौला होटल तथा लज व्यवसायहरुको साविक बमोजिम क्षेत्रगत रुपमा साना, मझौला तथा ठुला व्यवसाय कायम गरिएकोमा सो को विकल्प स्वरुप निम्नानुसार स्तर समायोजन गर्ने निर्णय गरियो ।

| क.स. | सेवाको प्रकार | करको दर |
|---|---|---|
| १ | चिया नास्ता | ३०००।० |
| २ | चिया नास्ता र खाना | ४०००।० |
| ३ | चिया नास्ता, खाना र मदिरा | ५०००।० |
| ४ | चिया नास्ता, खाना, मदिरा र लज समेत | १००००।०० |

२. विराटनगर महानगरपालिका क्षेत्रभित्र संचालित नीजि अस्पताल तथा मेडिकल कलेजहरुको निम्नानुसार कर समायोजन गर्ने निर्णय गरियो ।

| क.स. | सेवाको प्रकार | व्यवसाय कर | व्याख्या |
|---|---|---|---|
| १ | निजि अस्पताल तथा नर्सिगंहोम | ३५,०००।०० (२५ बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |
| २ | मेडिकल कलेज | २,५०,०००।०० (५०० बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |
| ३ | नर्सीगं कलेज | ५०,०००।०० (क वर्ग) | ३५०००।०० (ख वर्ग) |
| ४ | सामुदायिक अस्पताल(संस्थागत) | २५,०००।०० (२५ बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |
| ५ | आयुर्बेदिक अस्पताल | २०,०००।०० (२५ बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |
| ६ | होमियोपेथिक अस्पताल | | |
| ७ | होमियो क्लिनिक | २०,०००।०० (२५ बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |
| ८ | नेचुरोथेरापी अस्पताल | रु. १५०००।०० | |
| | | २०,०००।०० (२५ बेड सम्मको) | थप प्रतिवेड रु.५००।० दरले |

३. विराटनगर महानगरपालिका क्षेत्रभित्र संचालित संस्थागत विद्यालयहरुको विगत वर्षदेखि व्यवसाय करबक्यौता रहेकोमा संस्थागत विद्यालयहरुको छाता संगठनको पहलमा एकपटकका लागि २०७७ साल आषाढ मसान्तसम्मको लागि जरीवाना छुट गर्ने निर्णय गरियो ।

४. महानगरपालिका क्षेत्रभित्र संचालित रेमिटान्स कारोबार गर्ने व्यवसायहरुको वार्षिक कर रु. २०,०००।०० असुली गर्ने निर्णय गरियो ।

५. महानगरपालिका क्षेत्रभित्र संचालित ईरिक्सा निर्माण गर्ने उद्योगको व्यवसायहरुको वार्षिक कर रु. २५,०००।०० असुली गर्ने निर्णय गरियो ।

६. विराटनगर महानगरपालिकाले स्वीकृत गरेको मदिरा बिक्री बितरण कार्यविधि, २०७६ मा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| क्र.स. | साविकको व्यवस्था | संशोधित बुंदा | कैफियत |
|---|---|---|---|
| १ | दफा ८ (क( मदिराको विक्री वितरण गर्दा महानगरपालिकाबाट जुन उदेश्यका लागि ईजाजतपत्र लिएको हो सो बमोजिम थोक विक्रेताले दिउसो १:०० बजेदेखि बेलुकी ९:०० बजे सम्म, खुद्रा विक्रेताले बेलुका ६:०० बजे देखी बेलुकी १०:०० बजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले बेलुका ६:०० बजे देखि रात्री १०:०० बजे सम्म कार्तिक), मंसिर, पुष र माघ मसान्त सम्मर ( अन्य महिनाको हकमा विर्को खोली मदिरा व्यवसाय गर्ने व्यवसायीले बेलुकी९:०० बजे सम्म व्यवसाय संचालन गर्न पाईनेछ । तर महानगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्र भित्र उक्त समयसिमा र अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ । | दफा ८ (क( मदिराको विक्री वितरण गर्दा महानगरपालिकाबाट जुन उदेश्यका लागि ईजाजतपत्र लिएको हो सो बमोजिम थोक तथा खुद्रा विक्रेताले विहान १० बजेदेखि राती १०:०० बजे सम्म व्यवसाय संचालन गर्न पाईनेछ। तर महानगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्र भित्र उक्त समयसिमा र अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ। | |
| २. | दफा ८(ख( कुनै पनि मदिरा पसलले बेचविखन गर्न सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, | दफा ८(ख( कुनै पनि मदिरा पसलले बेचविखन गर्न सार्वजनिक स्थान, विद्यालय, | |

| | | |
|---|---|---|
| | पुस्तकालय, सरकारी कार्यालय तथा समाजिक महत्वका स्थानबाट २०० मिटर भित्र अनुमति विना वेचविखन गर्न पाईने छैन । | स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय तथा समाजिक महत्वका स्थानबाट २०० मिटर भित्र अनुमति विना वेचविखन गर्न पाईने छैन । तर कार्यविधि लागु हुनुपुर्व दर्ता भएका व्यवसायहरूका हकमा १०० मिटर कायम रहनेछ । |
| ३. | परिच्छेद ५ दफा ११ उपदफा (६(वैवाहिक समारोह, वर्तबन्ध तथा अन्य भोजका कार्यक्रम सामाजिक), सांस्कृतिक रुपमा परम्परा रहेको समुदाय वाहेकमा मदिरा प्रयोग गर्नुपर्ने भए ( मदिरा खरिद र प्रयोगको अनुमति सम्वन्धित वडा स्तरिय मदिरा व्यवस्थापन समितिबाट लिनुपर्नेछ । | यस दफालाई हटाइएको छ । |

७. विराटनगर महानगरपालिका वडा नं. १९ स्थीत मिलनचौक करचौकीबाट प्रवेश गर्ने सवारी साधनहरु सडक निर्माणको कारण जिर्ण भएकोले आ.व.२०७६।०७७ मा ठेक्का लगाईएको पुर्वाधार उपयोग सेवा शुल्कको अन्तिम किस्ता रकममा २५ प्रतिशत छुट दिने निर्णय गरियो ।

८. विराटनगर महानगरपालिकाले परामर्श सेवाबाट तयार गरेको राजस्व संकलन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

९. रानी भन्सार क्षेत्र नजिक नेपाल सरकार, गृह मन्त्रालयमातहत ईलाका प्रहरी कार्यालय निर्माणाधीन भवनको घरनक्शा पास दस्तुर छुट गर्ने निर्णय गरियो ।

१०. विराटनगर ११ मा अवस्थीत बसपार्क व्यवस्थापन समिति र महानगरपालिका बीच सम्झौतामा उल्लेख भएको फर्निचर निर्माण सहयोगवापत रु.४,००,०००।०० रकम अन्य शिर्षक (विपद प्रतिकार्य उद्दार शिर्षक ४१५ बाट रकमान्तर गरी निकाशा गर्ने निर्णय गरियो ।

११. आर्थिक ऐन, २०७६ को अनुसुची ३ मा उल्लेखित घर बहाल करको दरको ठिक ५० प्रतिशत जग्गा बहाल करको दर स्वीकृत गर्ने निर्णय गरियो ।

१२. क्याटरिगं व्यापार संचालनका लागि व्यवसाय करवापत वार्षिक रु.१०,०००।०० असूली गर्ने ।

१३. ई-व्यापार (अनलाईन विजिनेश) गर्ने व्यवसायको लागि वार्षिक रु.१०,०००।०० असुली गर्ने ।

१४. विराटनगर महानगरपालिकाले स्वीकृत गरेका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५. अद्यावधिक गर्ने निर्णय गरियो ।

१५. विराटनगर महानगरपालिका क्षेत्रभित्र संचालित उद्योग तथा व्यवसायहरुको पुंजीगत आधारमा निम्नानुसार स्तर निर्धारण गर्ने निर्णय गरियो ।

# विराटनगर महानगरपालिका

आर्थिक ऐनमा समावेश गरिएका उद्योग, व्यवसायहरुको पूंजीको आधारमा निम्नानुसार स्तरीकरण गरिएको छ ।

| | | | साना पूंजी लगानी | मझौला पूंजी लगानी | ठूलो पूंजी लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| कर आय | व्यापारिक वस्तु कर | चुरोट डिलर | डिलर परिभाषाबाट ठूलो व्यवसाय प्रमाणित | | | |
| | | रक्सी, मदिराजन्य पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ज्वेलरी (जेम्स) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | गहना ज्यालामा बनाउने | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सिडी., डिभिडी बिक्री, भिडियो क्यासेट बिक्रीक्यासेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, टाइप राइटर | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | क्यूरियो | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मोबाइल एसेसरिज बिक्रिपसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | घडि बिक्रि पसल तथा रिपेरिंग समेत | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पानपसल अन्य सामान समेत) | १ लाखसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | पुस्तक पसल, स्टेशनरी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | पत्रपत्रिका मात्र | १ लाखसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | पान मात्र बेच्ने पसल | १ लाखसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | तमाखु पसल | १ लाखसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | कम्प्युटर, फ्रिज, फोटोकपी, वा सिंग मेशिन इत्यादी इलेक्ट्रोनिक्स सामान थोक खुद्रा विक्री | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कलर ल्याव वा यस्तै प्रकृतिका प्रिन्टीङ्ग व्यवसाय, फ्लेक्स प्रिन्ट समेत | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फर्निचर तथा फर्निसिङ बिक्रि | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | यु पि भि सी झ्याल ढोका उत्पादक तथा बिक्री | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | तयारी लूगा रेडिमेड | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | चस्मा बिक्रि ,बनाउने समेत | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रंङ रोगन पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | स्यानिटरी वाथरुम फिटिङ्गस पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ऐना, प्लाईउड तथा सिसा पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | विजुली सामान पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सवारी साधन पार्ट पुर्जा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सिंगार पसल (कस्मेटीक) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | टायर ट्युब पसल(रिसोलिङ्ग समेत) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रोडा, बालुवा,/ढुवानी सेवा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | पेट्रोलपम्प (लुब्रीकेन्ट, मोबिल आदि समेत) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | एकोरियम पसल(माछाको चारो समेत) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | छाला तथा छालाका सामग्री बिक्रि | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | थान्का, खादा पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | साडी पसल,कुर्ता सलवार | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | औषधी पसल खुद्रा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | औषधी पसल थोक, | १० लाखसम्म | १५ लाखसम्म | १५ लाखभन्दा माथि | |
| | | भेटेनरी औषधी पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सर्जिकल इक्युपमेन्ट शप | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | खाद्यपदार्थ/किरानापसल, कोल्ड ड्रिक आदि | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | कपडा थान पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | तरकारी पसल | ५० हजारसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | तरकारी तथा फलफुल थोक | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | फलफूल पसल खुद्रा | ५० हजारसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | चियानास्ता पसल | ५० हजारसम्म | ३ लाखसम्म | ३ लाखभन्दा माथि | |
| | | दूध, दही बिक्रि पसल | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | धातुका भाडा कुडा पसल (उच्चस्तरिय) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | प्लाष्टिक भाँडा पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गिफ्ट तथा खेलौना पसल (उच्चस्तरिय) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | चुरा पोते रिवन अन्य मिश्रीत सामाग्रीपसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कृतिम गहना पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | इमब्रोइडरी पसल | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | एचपी ग्यास पसल थोक तथा खुद्रा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कृषि सामाग्री, औजार, मल, बीउ, पशु, पंक्षी आहार समेत | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | धागो टाँक पसल | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | जुत्ता पसल (स्वदेशी, बिदेशी,) थोक तथा खुद्रा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ट्रेकिङ सामान बिक्रि पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मोटर साईकल वर्कशप | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | साइकल बिक्रि सोरुम | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सवारी साधनका पार्ट पुर्जा पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रेडियो, घडी बनाउने, टि.भि सहित विद्युतीय सामान बनाउने | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा (विषेशज्ञताको समेत आधारमा) | | | | | |
| | | चिकित्सक | एबिबिएस | एमडि | डिएम | |
| | | लेखा परीक्षक, फर्म(श्रेणी अनुसार) | आर ए | सिए | वरिष्ठ सिए | |
| | | अनुसन्धानकर्ता तथा परामर्शदाता | राष्ट्रिय | अन्तराष्ट्रिय | बहूराष्ट्रिय | |
| | | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | | | | |
| | | बीमा एजेन्ट | एजेन्ट | यूनिट मेनेजर | एजेन्सी मेनेजर | |
| | | विज्ञापन एजेन्सी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | अनुवादक, नोटरी पब्लिक | नेपाली | अंग्रेजी | अंग्रेजी नेपाली समेत | |
| | | सामान ढुवानीकर्ता तथा कम्पनी | स्थानीय | प्रदेश स्तर | राज्यस्तर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | आयात तथा निर्यात व्यापार | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ल्याव्रेटोरी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | उत्पादन मुलक उद्योग | कोरा माल वा अर्ध-प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | वहुउदेश्य पेय पदार्थ उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | हलुका पेयपदार्थ उद्योग (कोका कोला, पेप्सी कोला बाहेक) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | डेरी उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | जुत्ता, चप्पल उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | खाद्यन्न सामाग्री उद्योग,(चकलेट,मीश्री चाउचाउ,नूडल्स,पापड, चिप्स अचार समेत) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कार्पेट, गार्मेन्ट, पस्मिना, हेनलुम, झुल स्वीटर उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | प्लाष्टिक उद्योग/ईलेक्ट्रिक सामाग्री उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | साना घरेलू उद्योग(हेण्डीक्राफ्ट) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कापी किताब उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | गृल उद्योग(सटर ,झ्याल, ढोका आदि) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | खाद्यान्न मिल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | अन्य उत्पादनमूलक उद्योग(चक, दाना,फीनेल,निर) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मुखमा लगाउने मास्क उधोग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | प्लाष्टिकका सामान थोक तथा खुद्रा पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| कर आय | कृषि तथा वनजन्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | मूलतःकृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | काठ समेतको सःमिल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | नेपाली कागज उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रबर उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कृषि फर्म (पोल्ट्री, गाईं बाख्रा, माछा, तरकारी खेती आदि | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | चिनी उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | अन्य कृषि तथा वन जन्य उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | खनिज तथा खनिज प्रशोधन व्यवसाय | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा( खोटो संकलन आदि समेत) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | पर्यटन उद्योग/ व्यवसाय | | | | | |
| | | रेष्टुरेन्ट एण्ड बार | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फास्ट फुड पसल/मिठाई पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | बेकरी क्याफे | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ट्रेकिङ एजेन्सी, टुर अपरेटर | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | टेकिङ सामान सम्बन्धी पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रिसोर्ट | १० लाखसम्म | १५ लाखसम्म | १५ लाखभन्दा माथि | |
| | | ट्राभल एजेन्सी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | अन्य पर्यटन उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सेवा व्यवसाय कर आय | | छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसाय मा | | | | |
| | | | साना | मझौला | ठूलो | कैफियत |
| | | सर्टिङ सुटिङ पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ड्राइ क्लिनर्स | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | व्यूटी पार्लर( सुविधा हेरी ) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सैलुन( सुविधा हेरी ),मसाज | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फोटो स्टुडियो | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | भोजनालय तथा सामान्य खाजा घर | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फेस हाउस | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कवाडी सामान थोक | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कवाडी सामान खुद्रा | २ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | घडी मर्मत पसल | १ लाखसम्म | २ लाखसम्म | २ लाखभन्दा माथि | |
| | | रेकर्डिङ स्टुडियो | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | यात्रु परिवहन सेवा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | स्नुकर र पुल र भिडियो गेम,फुटसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | छापाखाना स्कृन प्रिन्ट | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मसला पसल काजु किसमिस आदि | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | खाद्यान्न डिलर | १० लाखसम्म | १५ लाखसम्म | १५ लाखभन्दा माथि | |
| | | लुगासिउने मेशिन विक्रि गर्ने पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मर्मत (छाला ज्याकेट व्याग सुटकेश आदि) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साधारण टेलरिङ, पिको, इम्ब्रोइडरी सिलाइ मेसीन संख्या समेतका आधारमा) ईत्यादी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | टेण्टहाउस,क्याटरिङ्ग सेवा फुल, हाफ | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मट्टीतेल मात्र बेच्ने | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मोविल, लूब्रिकेन्टस उत्पादन तथा विक्री | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | छाला तथा ,छालाका सामान बिक्रीपसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | चलचित्र निर्माण तथा वितरक कम्पनी ( सानो पर्दा,ठूलो पर्दा) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | वित्तिय सेवा व्यवसाय | माईक्रो फाइनान्स लि. | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सहकारी संस्था | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | बीमा कम्पनी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फाइनान्स लि. | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | विदेशी बीमा कम्पनी | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | विदेशी मुद्रा सटही | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | स्वास्थ्य सेवा व्यवसाय | सामुदायिक गैरसरकारी अस्पताल (संस्थागत) | २५ बेडसम्म | ५० बेडसम्म | ५० बेडभन्दा माथि | बेड संख्याको आधारमा |
| | | नर्सिङ होम | २५ बेडसम्म | ५० बेडसम्म | ५० बेडभन्दा माथि | |
| | | क्लिनिक तथा एक्सरे | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | नीजि अस्पताल, मेडिकल कलेज | २५ बेडसम्म | ५० बेडसम्म | ५० बेडभन्दा माथि | |
| | | अकुपन्चरिष्ट ,सेराजिम, सावना,थेरापि सेवा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | भेटरीनरि क्लिनिक | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | शिक्षा तथा तालिम व्यवसाय | क्याम्पस, विश्वविद्यालय | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कम्प्युटर,परामर्श तथा भाषा प्रशिक्षण संस्था | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | कम्प्युटर टाईपिङ | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | निजि प्रारम्भिक वाल विद्यालय(मन्टेश्वरी ) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | मर्मत संभार व्यवसाय | हेभी भेइकल( डोजर आदि) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | बस, ट्रक, | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | लाइट भेइकल (कार, भ्यान, जिप,) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | मोटर साइकल मर्मत साना तिना पार्टसहित | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | साइकल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, कम्प्युटर विद्युत सामाग्री | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | लेथमिसिन | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | म्यूजिकल एण्ड मेन्टेनेन्स पसल | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | अन्य सेवा | विज्ञापन सेवा एजेन्सी | | | | |
| | | फूल व्यवसाय | १ लाखसम्म | २ लाखसम्म | २ लाखभन्दा माथि | |
| | | बेतका सामान विक्रि | ३ लाखसम्म | ५ लाखसम्म | ५ लाखभन्दा माथि | |
| | | फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | फलफूलका विरुवा विक्रेता ( नर्सरी)कम्पोष्ट मल समेत | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिसा, प्लाइउड बिक्रेता फेमिङ्ग हाउस | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | ग्यास डिलर तथा सो संग सम्बन्धित अन्य सामान विक्रि गर्ने | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | स्टिल दराज, रेलिङ्ग आदि विक्रि गर्ने | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | काठका तयारी समान विक्रि गर्ने ( झ्याल,चौकोस) | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| कर आय | निर्माण व्यवसाय | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | अन्य निर्माण सेवा घ वर्ग समेत | | | | |
| कर आय | उर्जा मुलकउद्योग | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | | | |
| | | हाइड्रो पावर | २५ लाखसम्म | ५० लाखसम्म | ५० लाखभन्दा माथि | |
| | | अन्य उर्जा मूलक उद्योग | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | सोलार उत्पादन तथा बिक्रि | ५ लाखसम्म | १० लाखसम्म | १० लाखभन्दा माथि | |
| | | बायो प्राकृतिक ग्यास कम्पनी | १० लाखसम्म | २० लाखसम्म | २० लाखभन्दा माथि | |

## अनुसूची-३

| क्र. सं. | हालको बजेट शीर्षक नाम | विनियोजित रकम | संसोधित शीर्षक | विनियोजन गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेयर कप खेलकूद कार्यक्रम सञ्चालन ( पेज ७२, सिनं १२८) | १०००००० | एन्फा उपमेयर फुटवल प्रतियोगितामा खेलाडि सहभागिता | ४००००० | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |
| २ | खेल प्रतिक्षार्थी प्रशिक्षण (महिला क्रिकेट फुटवल पुरुष, पेज ७२,सिनं १३४) | १०००००० | एन्फा उपमेयर फुटवल प्रतियोगितामा खेलाडि सहभागिता | ७००००० | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |
| | | | वर्न टु हेल्थ सोसाइटी (वडा अध्यक्ष कप) | ५०००० | |
| | | | मारिक फुटवल क्लव | २०००० | |
| ३ | युवाहरुको नेतृत्व विकास कार्यक्रम विविध क्षेत्र (पेज ७१, | ५००००० | १.जिल्ला खेलकूद विकास समितिलाई विद्युतीय सामग्री खरिद | ७२२५३ | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| | सिनं १२३) | | २.नेपाल एष्ट्रोनोमिकल सोसाइटी नासा स्पेस च्यालेन्ज | ३५००० | |
| ४ | युवाहरुका लागि प्रस्तावना छनोटका आधारमा मोटिभेसनल कार्यक्रम (पेज ७१, सिनं ११९) | ५७०००० | जीवन विकास प्रतिष्ठानको समन्वयमा आध्यात्म विज्ञान सम्बन्धी कार्यक्रम | ८०००० | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |
| ५ | आदर्श मा.वि.मा इन्क्लुसिभ एजुकेसनका लागि पूर्वाधार विकास (पेज ६९, सिनं १००) | २५००००० | इन्क्लुसिभ एजुकेसन सम्बन्धमा अवलोकन भ्रमण | ३००००० | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |
| ६ | महानगरको प्रवेशद्वारमा यातायातका साधन सफाइ कार्यक्रम(पेज ९९, सिनं ३६५) | ५००००० | महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगरका लागि अनुसन्धान प्रयोगशाला उपकरण खरिद | ५००००० | |
| ७ | शिक्षा ऐन तथा नियमावली निर्माण, निर्देशिका तथा मापदण्ड निर्माण, नगर शिक्षा योजना तर्जुमा समेत(पेज ६७, सिनं ७४) | ५००००० | शैक्षिक प्रशासन महाशाखा प्रशासनिक, शिक्षक कासमु र विविध खर्च | २५०००० | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |
| ८ | महानगरस्तरीय पुस्तकालय तथा अभिलेखालय(पेज ७० सिनं ११४) | २५००००० | क्यारियर गाइडेन्स कार्यक्रम | ६,००,०००।- | |
| | | | शैक्षिक प्रशासन महाशाखा गाडी भाडा | ४०००००।– | |
| | | | कक्षा ८ को परीक्षा सञ्चालन,व्यवस्थापन | १५,००,०००।- | |
| ९ | भानु मोरङ स्कूल(पेज १६८ सिनं २२३) | १,६६,६६०।- | भानु मोरङ स्कूलका छात्रछात्रा जुत्ता मोजा, टाइ र पोसाक वितरण | १,६६,६६०।- | |
| १० | विद्यालय कर्मचारी, विद्यालय सहयोगी र बाल विकास केन्द्रका स.कालाई प्रोत्साहन अनुदान | ४४०००००।- | करार शिक्षक छनोट परीक्षा व्यवस्थापन | ४ ,००,०००।- | बाँकी रकम साविक शीर्षकमै रहनुपर्ने |

**अनुसूची-४**